# भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको ५२औं बैठकका निर्णयहरु

**(मिति २०७७चैत्र १३गते)**

निर्णय नं. १

भरतपुर महानगरपालिकामा कार्यरत साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुको समायोजन सम्बन्धमा बनेको विधेयक, २०७७ को मस्यौदा आजको बैठकमा पेश भई छलफल भयो ।उक्त विधेयकको दफा ३ को उपदफा (६) पछि "यस ऐन वमोजिम हुने स्तर र तह वृद्धि सम्बन्धमा भएको प्रावधान यो एक पटकका लागि मात्र लागू हुनेछ" भन्ने उपदफा थप गरी आगामी विशेष नगर सभामा निर्णयार्थ पेश गर्ने सर्वसम्मतिलेनिर्णय गरियो ।

निर्णय नं. २

भरतपुर महानगरपालिकाको विशेष नगर सभा मिति २०७७ साल चैत्र २० गतेका दिन शुक्रवार विहान ८:०० बजे भरतपुर महानगरपालिकाको सभा कक्षमा बस्ने गरी आह्वान गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

Scanned with CamScanner